# शिवसताक्षी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
व्याहगडाँडा, झापा
कोशी प्रदेश, नेपाल


प.सं.: २०८२/०८३ (प्रशासन शाखा)
च.नं.:

**तह वृद्धिका लागि आवेदन पेश गर्ने सम्बन्धी सूचना।**

**सूचना नं. ३-२०८२/८३**

मितिः २०८३।०२।२९

कोशी प्रदेशको स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८० को परिच्छेद ५ दफा २७ अनुसार तहवृद्धिको लागि आवश्यक योग्यता पुगेका यस कार्यालय र मातहतका कार्यालयमा कार्यरत स्थायी कर्मचारीहरुले यो सूचना प्रकाशन भएको मितिले ३० (तीस) दिनभित्र कार्यालय समयभित्र शिवसताक्षी नगरपालिकाको कर्मचारी तहवृद्धि सम्बन्धी कार्यविधि, २०८१ को अनुसूची-१ बमोजिमको ढाँचामा निम्न कागजातहरु सहित निवेदन पेश गर्नुहुन स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८० को २७ को उपदफा (३) को प्रयोजनार्थ यो सूचना प्रकाशन गरिएको छ।

निम्नः

१. स्थायी नियुक्ति/ स्तरवृद्धि/तहवृद्धि/तह मिलान सम्बन्धी पत्रको प्रतिलिपी,
२. पछिल्लो ३ (तीन) आर्थिक वर्षको कार्यसम्पादन मूल्याङ्कन फाराम सम्बन्धित निकाय/कार्यालयमा पेश गरेको व्यहोरा खुलाई लेखिएको सक्कल निवेदन,
३. समायोजन भएका कर्मचारीको हकमा समायोजन पत्रको प्रतिलिपी,
४. निवेदक स्वयंले प्रमाणित गरेको नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,
५. तोकिएको शैक्षिक योग्यताका प्रमाणपत्रहरुको निवेदक स्वयंले प्रमाणित गरेका प्रतिलिपिहरु,
६. आवश्यक पर्ने पदका हकमा सम्बन्धित पेशागत वा व्यवसायिक परिषद्द्वारा जारी इजाजतपत्र वा दर्ता प्रमाणपत्रको प्रतिलिपि,
७. विभागीय सजाय नपाएको, निलम्बनमा नरहेको र तहवृद्धिका लागि कानून अनुसारको सेवा अवधि पूरा भएको विवरण खुलेको स्वःघोषणा पत्र,
८. प्रचलित कानून बमोजिम आवश्यक पर्ने अन्य कागजातहरु।

द्रष्टव्यः *निर्धारित समयभित्र प्राप्त भएका निवेदनहरु मात्र प्रचलित कानून तथा कार्यविधि बमोजिम आवश्यक कारबाहीका लागि समावेश गरिनेछ।*

..............................
सुनिता तुम्बाहाङफे
प्रमुख प्रशासकीय अधिकृत

17 June



CamScanner